प्रथम

# वार्षिक प्रतिवेदन

आ.व. २०७७/०७८

## प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा, नेपाल

# प्रथम वार्षिक प्रतिवेदन

## (२०७७/०७८)

प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, नेपाल

# प्रदेश लोक सेवा आयोग


**सम्पर्कः**

प्रदेश लोक सेवा आयोग

**ठेगानाः**

मुस्ताङचोक, पोखरा

**टेलिफोन नं.**

फोन नं. : ०६१-४६७८७३

**ई-मेलः**

gandakipsc2076@gmail.com

**वेवसाईटः**

http://ppsc.gandaki.gov.np

# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश, नेपाल

मिति: २०७८/०५/१३

**माननीय प्रदेश प्रमुखज्यू,**
गण्डकी प्रदेश, पोखरा ।

**विषय: आयोगको प्रथम वार्षिक प्रतिवेदन पेश गरिएको ।**

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७७/०७८ मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन पेश गरिएको छ ।

भवदीय,

**अध्यक्ष**
**श्री विष्णुप्रसाद नेपाल**

**सदस्य**
**श्री कल्पना लम्साल**

**सदस्य**
**श्री योगेन्द्र गौचन**

**सचिव**
**श्री टेक बहादुर के. सी.**

# आयोगका पदाधिकारीहरू



अध्यक्ष

**श्री विष्णुप्रसाद नेपाल**



सदस्य

**श्री कल्पना लम्साल**



सदस्य

**श्री योगेन्द्र गौचन**



सचिव

**श्री टेक बहादुर के.सी.**

# धन्यवाद- ज्ञापन

आयोगको गठनसँगै कार्य सञ्चालनका लागि आवश्यक आर्थिक, भौतिक एवं मानवीय सहयोग उपलब्ध गराईदिएकोमा गण्डकी प्रदेश सरकारप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ ।

आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण, नियमावली, कार्यसञ्चालन निर्देशिका, कार्यविधि साथै पदाधिकारी, कर्मचारी एवं दक्ष विशेषज्ञको आचारसंहिता, विभिन्न तहका पदको पाठ्यक्रम निर्माण लगायतका कार्यमा प्रत्यक्ष परोक्ष सहयोग पुऱ्याउनुहुने गण्डकी प्रदेश सरकारका प्रमुख सचिव, सचिवहरू, विभागीय पदाधिकारीहरू, विभिन्न विषयका दक्ष एवं विज्ञ महानुभावहरूमा आयोग हार्दिक आभार व्यक्त गर्दछ ।

आयोगको स्थापनासँगै पहिलो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद ज्ञापन गर्दछ ।

# कार्यकारी सारांश

१. **आयोग गठन तथा कार्यालय सञ्चालनः** नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भएबमोजिम मिति २०७७/१२/११ गते आयोग गठन भई पोखरा महानगरपालिका वडा नं. १७, मुस्ताङचोक स्थित नेपाल नागरिक उड्डयन प्राधिकरणको भवनमा कार्यालय सञ्चालन गरिएको छ ।

२. **संगठन संरचनाः** आयोगको कार्यालयको कार्य सम्पादनलाई प्रभावकारी रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ४९ जना कर्मचारीको दरबन्दी रहने गरी स्वीकृत भएको र हाल २० जना कर्मचारी कार्यरत रहेका छन् ।

३. **उद्देश्य र कार्यक्षेत्रः** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौट गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने आयोगको उद्देश्य रहेको छ भने यसको कार्यक्षेत्र प्रदेश सरकारका ११ मन्त्रालय तथा मातहतका कार्यालय र ८५ वटा स्थानीय तह रहेका छन् ।

४. **काम, कर्तव्य र अधिकारः** निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदपूर्ति, प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन, नियुक्ति, बढुवा र विभागीय कारवाहीमा परामर्श दिने समेतका कार्य गर्नेछ ।

५. **आयोगका प्रमुख कार्यहरूः** आयोगले पदपूर्तिका लागि पाठ्यक्रम निर्माण, शैक्षिक योग्यताको निर्धारण, विज्ञापन प्रकाशन, प्रश्नपत्र तयारी र परिमार्जन, परीक्षा संचालन, नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस, अध्ययन, अनुसन्धान तथा अन्वेषण, परामर्श, समन्वय र सहयोग, निरीक्षण र अनुगमन गर्ने कार्यहरू गर्दछ ।

६. **सिद्धान्त र मापदण्ड अवलम्वनः** लोक सेवा आयोगले संघीय कानुन बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई आयोगले अवलम्वन गर्नेछ ।

७. **आयोगको कार्यसम्पादनका संवैधानिक र कानुनी आधारहरूः** नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०७८, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७, प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८, प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७८, प्रदेश लोक सेवा आयोग दस्तुर र शुल्क निर्धारण कार्यविधि, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८, लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्ड बमोजिम हुनेछन् ।

८. **कार्यसम्पादनका सिद्धान्तः** आयोगले कार्यसम्पादन गर्दा योग्यता, निश्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, द्विअन्ध, परिचय शुन्यता, असंलग्नता र गोपनीयताको सिद्धान्तलाई अवलम्वन गर्दछ ।

९. **बैठक तथा निर्णयः** प्रदेश लोक सेवा आयोग गठन भए पश्चात १४ वटा बैठक बसी बैठक सञ्चालन कार्यविधि, संगठन तथा व्यवस्थापन सर्वेक्षण, नियमावलीमा परामर्श, कार्य सञ्चालन निर्देशिका निर्माण, खर्च व्यवस्थापन कार्यविधि, दस्तुर र शुल्क निर्धारण, पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, न्यूनतम शैक्षिक योग्यता निर्धारण, पाठ्यक्रम र वार्षिक कार्यतालिका स्वीकृत गर्ने निर्णय भएको छ ।

१०. **गोष्ठी एवं कार्यशालामा सहभागिताः** आयोगका पदाधिकारीहरूद्वारा लोक सेवा आयोग, काठमाडौं र प्रदेश लोक सेवा आयोग, बुटवलका पदाधिकारीहरूसँग लोक सेवा आयोगका कार्यप्रणालीका विषयमा अनुभवहरू आदान प्रदान भएका छन् । त्यसैगरी आयोग सचिवालयको तर्फबाट प्रदेश लोक सेवा आयोग. बागमती प्रदेशको आयोजनामा अन्तर प्रदेश लोक सेवा आयोग, प्रथम कार्यशाला गोष्ठी र लोक सेवा आयोगको प्रथम राष्ट्रिय सम्मेलनमा सहभागिता जनाइएको छ ।

११. **वेवसाइट निर्माणः** परीक्षार्थीहरूका लागि परीक्षासम्बन्धी सूचना, पाठ्यक्रम, ऐन, नियमावली, निर्देशिका, परीक्षाको समयमा परीक्षाको समय तालिका, परीक्षा केन्द्र, उम्मेदवारको स्वीकृत नामावली, परीक्षाको नतिजा, अन्तर्वार्ता तथा सिफारिससम्मको सबै सूचनाहरू सम्प्रेषण गर्न वेवसाइटको निर्माण गरिएको छ ।

१२. **अनलाइन प्रणालीको विकासः** परीक्षार्थीहरूका लागि अनलाइनबाट दरखास्त दिनका लागि अनलाइन प्रणालीको विकास गरिएको छ ।

१३. **अन्तरक्रिया तथा गोष्ठीः** प्रदेश सरकार र स्थानीय तहमा रिक्त पदहरूको अवस्था र माग आपूर्ति भरी पठाउने समेतका विषयमा प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरू तथा स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरूसँग प्रत्यक्ष अन्तरक्रिया तथा भर्चुअल छलफल गरिएको छ ।

साथै आयोगले कार्यसम्पादनका सिलसिलामा अनुभूत गरेका विषयहरूलाई समेत प्रतिवेदनको महत्वपूर्ण अङ्गको रूपमा समावेश गरिएको छ ।

# विषय-सूची

**परिच्छेद-१**

**आयोगको परिचय, गठन र कार्यक्षेत्र**


१.१ पृष्ठभूमि ........................................................................ १

१.२ गठन ........................................................................ १

१.३ संगठन संरचना, उद्देश्य र कार्यक्षेत्र........................................................ २

१.३.१ संगठन संरचना........................................................ २

१.३.२. उद्देश्य र कार्यक्षेत्र........................................................ ३

१.४ काम कर्तव्य र अधिकार........................................................ ३

१.५ आयोगका प्रमुख कार्यहरू........................................................ ४

१.६ सिद्धान्त र मापदण्ड अवलम्वनः........................................................ ५


**परिच्छेद- २**

**आयोगको कार्यसम्पादनका आधारहरू**


२.१ संस्थागत प्रवन्ध........................................................ ६

२.१.१ संवैधानिक व्यवस्था ........................................................ ६

२.१.२ कानुनी ब्यवस्था ........................................................ ६

२.२ कार्यसम्पादनका सिद्धान्तहरू........................................................ ७


**परिच्छेद-३**

**प्रशासनिक/वित्तीय/भौतिक विवरण**


३.१ प्रशासनिक कार्य........................................................ ९

३.१.१ बैठक तथा निर्णयहरू........................................................ ९

३.१.२ आयोगद्वारा पारित नियमावली तथा निर्देशिकाहरू........................................ १०

३.१.३ गोष्ठी तथा कार्यशालामा सहभागिता........................................ १०

३.२ अन्तरक्रिया/छलफल.................................................................................. ११
३.३ आयोगको दरवन्दी र पदपूर्ति ............................................................................ १३
३.४ वार्षिक कार्यतालिका...................................................................................... १४
३.५ आर्थिक वर्ष २०७७/०७८ को वित्तीय गतिविधि............................................... १५
३.६ भौतिक एवं अन्य विवरण.................................................................................. १८

**परिच्छेद- ४**

**पाठ्यक्रम निर्माण**

४.१ पाठ्यक्रम निर्माण.......................................................................................... १९

**परिच्छेद- ५**

**ध्यानाकर्षण र सुझाव**

५.१ ध्यानाकर्षण..................................................................................................... २१
५.२ सुझाव............................................................................................................. २२

**अनुसूचिहरू**

१. कर्मचारी विवरण.............................................................................................. २३
२. आयोगका गतिविधिहरूको झलक

## परिच्छेद- १

# आयोगको परिचय, गठन र कार्यक्षेत्र

### १.१ पृष्ठभूमिः

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तब्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र संघीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तब्य र अधिकार तथा कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को कार्यान्वयनका लागि मिति २०७७/१२/११ गते आयोग गठन भई कार्य प्रारम्भ गरी आएको छ ।

### १.२ गठनः

क) नेपालको संविधानको धारा २४४ को उपधारा (२) मा भएको व्यवस्थाअनुसार गण्डकी प्रदेश सभावाट पारित प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयनमा रहेको छ ।

ख) यस आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने प्रावधान छ ।

ग) आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बिस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुने व्यवस्था छ ।

घ) संविधान एवं प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोग गठन भई कार्य प्रारम्भ गरी आएको अवस्था छ ।

# १.३ संगठन संरचना, उद्देश्य र कार्यक्षेत्र

## १.३.१. संगठन संरचना




१९

### १.३.२ उद्देश्य र कार्यक्षेत्र

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा योग्यता, स्वच्छता, निश्पक्षता, समान अवसर, समावेशिता र गोपनियता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन एवं सुनिश्चित गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगको प्रमुख उद्देश्य रहेको छ ।

यस उद्देश्य प्राप्तिका लागि आयोगले गण्डकी प्रदेश सरकारका ११ मन्त्रालय तथा मातहतका कार्यालय र कास्की, स्याङ्गजा, तनहुँ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, नवलपरासी (बर्दघाट सुस्तापूर्व) गरी गण्डकी प्रदेशका ११ जिल्लाका १ महानगरपालिका, २६ नगरपालिका र ५८ वटा गाउँपालिका गरी जम्मा ८५ वटा स्थानीय तहहरू यसको कार्यक्षेत्र भित्र पर्दछन् । आयोगले प्रदेश सरकार एवं स्थानीय तहहरूमा रिक्त हुन आएका विभिन्न सेवा, समूह, उपसमूहका पदहरूको स्थायी पदपूर्तिका लागि सिफारिस गर्नेछ । आयोगको कार्यालय पोखरा महानगरपालिका वडा नं-१७ मुस्ताङचोकमा अवस्थित छ र आवश्यकताको आधारमा शाखा कार्यालय/सेवा केन्द्रहरू पनि विस्तार हुँदै जानेछन् ।

### १.४ काम, कर्तव्य र अधिकार

१.४.१. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

१.४.२ प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले संचालन गर्नेछ ।

१.४.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ ।

१.४.४ प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

१.४.५ देहायको विषयमा आयोगको परामर्श लिनुपर्नेछ ।

क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानुनको विषयमा,

ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा,

ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा र

च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

१.४.६ आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानुनबमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार तोके बमोजिमको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी अध्यक्ष, कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१.४.७ उपदफा ६ बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

१.४.८ आयोगको अन्य काम, कर्तव्य र अधिकार नियमावली, निर्देशिका, कार्यविधिहरू र लोक सेवा आयोगले अवलम्वन गरेका मूल्य, मान्यता र अभ्यासबमोजिम हुनेछन् ।

१.४.९ आयोगले सम्पादन गर्नुपर्ने कार्यहरू गर्नका लागि निर्देशिका, कार्यविधिहरू र मापदण्डहरू आवश्यकताअनुसार निर्माण तथा संशोधन गर्न सक्नेछ ।

## १.५ आयोगका प्रमुख कार्यहरूः-

आयोगले प्रदेश तथा स्थानीय तहहरूमा रिक्त हुन आएका विभिन्न सेवा, समूह, उप-समूहका विभिन्न तहको पदपूर्ति, नियुक्ति, बढुवा, विभागीय कारवाहीका सम्वन्धमा देहायबमोजिम प्रमुख कार्यहरू गर्दछ ।

क) पाठ्यक्रम तर्जुमा,

ख) शैक्षिक योग्यताको निर्धारण,

ग) पदपूर्तिका लागि विज्ञापन,

घ) प्रश्नपत्र तयारी र परिमार्जन,

ङ) परीक्षा संचालन,

च) लिखित परीक्षा नतिजा प्रकाशन,

छ) अन्तर्वार्ता तथा सिफारिस,

ज) अध्ययन, अनुसन्धान तथा अन्वेषण,

झ) परामर्श सम्बन्धी,

ञ) सुझाव दिने,

ट) समन्वय र सहयोग,

ठ) निरीक्षण र अनुगमन,

ड) सामान्य सिद्धान्तको निर्धारण,

ढ) वार्षिक प्रतिवेदन पेश गर्ने,

ण) दक्ष विशेषज्ञको सूची तयार गर्ने ।

### १.६ सिद्धान्त र मापदण्ड अवलम्वनः

प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदको पदपूर्तिका लागि उम्मेदवार छनौटलाई स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउन लोक सेवा आयोगले सङ्घीय कानुनबमोजिम अपनाएको आधार, सिद्धान्त, मापदण्ड, विधि र अभ्यासलाई आयोगले अवलम्वन एवं अनुशरण गर्नेछ ।

# परिच्छेद- २
# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

### २.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगसम्बन्धी व्यवस्था गरिएको छ । यसअनुसार प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तब्य र अधिकार प्रदेश कानुनबमोजिम हुने र संघीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ ।

### २.१.२ कानुनी व्यवस्था

नेपालको संविधानको धारा २४४ (२) ले आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने व्यवस्था गरेको छ । सो अनुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई कार्यसम्पादनको मुख्य कानुनी आधारको रूपमा अङ्गीकार गरिएको छ । यसको अतिरिक्त देहायका अन्य कानुन तथा सिद्धान्तहरू कार्य सम्पादनका थप आधार हुनेछन् ।

क) प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५

ख) प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०७६

ग) प्रदेश लोक सेवा आयोग नियमावली, २०७८

घ) प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७

ङ) प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८

च) प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८

छ) प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७८

ज) प्रदेश लोक सेवा आयोग दस्तुर र शुल्क निर्धारण कार्यविधि, २०७८

झ) लोक सेवा आयोगले अवलम्वन गरेका आधार, सिद्धान्त, मापदण्ड, कार्यविधि र अभ्यास ।

## २.२ कार्यसम्पादनका सिद्धान्तहरू

### २.२.१. योग्यताको सिद्धान्त (Principle of Merit)

आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गरिन्छ । सम्बन्धित पदको कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप, मनोभावना आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ ।

### २.२.२ निश्पक्षताको सिद्धान्त (Principle of Impartiality)

आयोगका निर्णयहरू पूर्वाग्रह रहित हुन्छन् । आयोगका निर्णय र परीक्षासम्बन्धी काम कारवाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइनेछ भने कुनैपनि ढंगले कसैलाई पनि पक्षपात गरिंदैन ।

### २.२.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ । आयोगले लिने निर्णयहरू र मातहतका कार्यालयहरूबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र बस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रवन्ध गरिन्छ ।

### २.२.४ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ । सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ ।

### २.२.५ समावेशिताको सिद्धान्त (Principle of Inclusiveness)

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीतिबमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदबार बीच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ । अन्तरवार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको हुन्छ ।

### २.२.६ द्विअन्ध सिद्धान्त (Principle of Double blind)

पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइदैन र जानकारी समेत दिइदैन । उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो, पत्तै पाउँदैन । प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कस्को हो भन्ने बारेमा पूर्णत अनविज्ञ रहन्छ । अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिंदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्क बारेमा पूर्णत अनविज्ञ रहन्छन । त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ । कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन ।

**२.२.७ परिचय शून्यताको सिद्धान्त** (Principle of Identity Masking)

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो संकेतीकरण (Double Coding) प्रक्रियामार्फत उक्त उत्तर पुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ । यसबाट उत्तरपुस्तिकाको निश्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ । त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचानविहिन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ । अन्तर्वार्ता लगायत छनौट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरे पश्चात मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसंकेतीकरण (Coding) प्रक्रियामार्फत पत्ता लगाइन्छ ।

**२.२.८ असंलग्नताको सिद्धान्त** (Principle of Non–Involvement)

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशन सम्मको प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराइदैन ।

**२.२.९ गोपनीयताको सिद्धान्त** (Principle of Confidentiality)

परीक्षा प्रणालीलाई पूर्णत विश्वसनीय बनाउने प्रयोजनका लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता राख्दछ । आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ । परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेला सम्म गोप्य रहन्छ । आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ । यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथ साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ ।

# परिच्छेद - ३

# प्रशासनिक/वित्तीय/भौतिक विवरण

### ३.१ प्रशासनिक कार्यः

### ३.१.१ बैठक तथा निर्णयहरूः

प्रदेश लोक सेवा आयोग गठन भए पश्चात् बसेको बैठक संख्या र बैठकमा पारित भएका निर्णयहरू निम्नअनुसार रहेको छ ।

- **बैठक संख्या** :- १४
- **अवधि** :- २०७७ चैत्र ११ गते देखि २०७८ आषाढ मसान्त सम्म ।

**निर्णयहरूः**

क) प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७ स्वीकृत,

ख) लोक सेवा आयोग ऐन, २०७६ को दफा १० अनुसार आयोगबाट हुने अनुसन्धान तथा विकास, पाठ्यक्रम निर्माण र सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित कार्यहरू आयोगका सदस्य श्री कल्पना लम्सालबाट सम्पादन हुने गरी कार्यविभाजन,

ग) प्रदेश लोक सेवा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन,

घ) प्रदेश लोक सेवा आयोगको खर्च व्यवस्थापन कार्यविधि निर्माण गर्न खर्च व्यवस्थापन कार्यविधि निर्माण समिति गठन,

ङ) प्रदेश लोक सेवा आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठन एवं प्राप्त प्रतिवेदन आयोगको निर्णयसहित स्वीकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस,

च) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराबाट परामर्शका लागि पठाएको गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को मस्यौदाको नियम ४२ मा ऐनको दफा १२ भन्ने शब्दहरू पछि उपदफा (३) भन्ने शब्दहरू थप गर्नुपर्ने व्यहोरासहितको परामर्श प्रदान,

छ) सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ को उपदफा (१) को व्यवस्था बमोजिम आयोगका अधिकृतस्तर नवौं तहका कर्मचारी श्री कृष्णप्रसाद आचार्यलाई आयोगको प्रवक्ताको जिम्मेवारी तोक्ने,

ज) प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८ स्वीकृत,

झ) प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ स्वीकृत,

ञ) प्रदेश लोक सेवा आयोगले लिने परीक्षाको पाठ्यक्रम निर्माण गर्न पाठ्यक्रम समिति गठन,

ट) प्रदेश लोक सेवा आयोगबाट विज्ञापन हुने सम्पूर्ण सेवा, समूह, र उपसमूहहरूको विभिन्न तहका पदका लागि न्यूनतम शैक्षिक योग्यता निर्धारण,

ठ) प्रदेश लोक सेवा आयोग दस्तुर र शुल्क निर्धारण कार्यविधि, २०७८ स्वीकृत,

ड) विभिन्न सेवा, समूह, उपसमूहरूको विभिन्न तहका पदका पाठ्यक्रम स्वीकृत,

ढ) आयोगको आ.व. २०७८/७९ को वार्षिक कार्यतालिका स्वीकृत ।

### ३.१.२ आयोगद्वारा पारित नियमावली तथा निर्देशिकाहरू

प्रदेश लोक सेवा आयोगले यस अवधिमा निम्न बमोजिमका नियमावली, निर्देशिका एवं कार्यविधि पारित गरी लागू गरेको छ ।

क) आयोगको परामर्शमा प्रदेश सरकारबाट प्रदेश लोक सेवा आयोग नियमावली, २०७८

ख) प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७

ग) प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८

घ) प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८

ङ) प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७८

च) प्रदेश लोक सेवा आयोग दस्तुर र शुल्क निर्धारण कार्यविधि, २०७८

### ३.१.३ गोष्ठी तथा कार्यशालामा सहभागिताः

क) लोक सेवा आयोगका पदाधिकारीहरूसँग काठमाडौंमा भेटघाट गरी आयोगका कार्यप्रणालीका विषयमा छलफल गरिएको ।

ख) प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशका पदाधिकारीहरूसँग बुटवलमा भेटघाट गरी आयोगका कार्यप्रणालीका विषयमा अनुभव आदानप्रदान गरिएको ।

ग) प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको आयोजनामा मिति २०७६ फाल्गुण १४ र १५ गते हेटौंडामा सञ्चालित अन्तर प्रदेश लोक सेवा आयोग, प्रथम कार्यशाला गोष्ठीमा सचिवालयको सहभागिता ।

घ) लोक सेवा आयोग, काठमाडौंको आयोजनामा मिति २०७७ फागुन २३ र २४ गते धुलिखेलमा सञ्चालित प्रथम राष्ट्रिय सम्मेलनमा सचिवालयको सहभागिता ।

### ३.२ अन्तर्क्रिया/छलफल

### ३.२.१ प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया:-

आयोगले आयोगको गठन, आयोगका उद्देश्य र कार्यहरू, आयोगको कार्यसम्पादनका आधार र सिद्धान्तहरू, आयोगले हालसम्म सम्पादन गरेका कार्यहरू, आयोगका चुनौतिहरू, प्रदेश र स्थानीय तहमा स्वीकृत र रिक्त दरवन्दीको अवस्था, पदपूर्तिका लागि माग आकृति भरी पठाउने, संकलन गर्ने विषय समेतका सम्बन्धमा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव एवं सचिवहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी प्रदेश अन्तर्गतको रिक्त दरवन्दीमा माग संकलन गरी पदपूर्ति गर्ने विषयमा छलफल सम्पन्न भएको छ ।

### ३.२.२ स्थानीय तहको पदाधिकारी कर्मचारीहरूसँग भर्चुअल अन्तरक्रिया:

आयोगले आयोगको गठन, आयोगका उद्देश्य र कार्यहरू, आयोगको कार्यसम्पादनका आधार र सिद्धान्तहरू, आयोगले हालसम्म सम्पादन गरेका कार्यहरू, आयोगका चुनौतिहरू, स्थानीय तहमा स्वीकृत र रिक्त दरवन्दीको अवस्था, पदपूर्तिका लागि माग आकृति भरी पठाउने/माग संकलन गर्ने तथा स्थानीय तहहरूको अपेक्षा सम्वन्धमा प्रदेश भित्रका ८५ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतहरूसँग भर्चुअल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको, सो अवसरमा स्थानीय तहमा देखिएको जनशक्ति सम्वन्धी समस्याको सन्दर्भमा जिज्ञासा र सुझाव संकलन गरेको छ । अन्तरक्रियाको विषय, जिज्ञासा तथा प्राप्त सुझावहरू तल उल्लेख गरिएको छ ।

**अन्तरक्रिया कार्यक्रमका विषय:**

क) प्रदेश लोक सेवा आयोग गठन

ख) प्रदेश लोक सेवा आयोगको उद्देश्य र कार्यहरू

ग) आयोगको कार्यसम्पादनका आधार र सिद्धान्तहरू

घ) आयोगले हालसम्म सम्पादन गरेका कार्यहरू

ङ) प्रदेश लोक सेवा आयोगका चुनौतीहरू

च) स्थानीय तहमा स्वीकृत र रिक्त दरवन्दीको अवस्था

छ) पदपूर्ति सम्बन्धमा

ज) स्थानीय तहहरूको अपेक्षा सम्बन्धमा

**अन्तरक्रिया कार्यक्रममा सहभागीको तर्फबाट उठान भएका जिज्ञासा र सुझावः**

क) संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M survey) व्यवस्थित नभएको,

ख) संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M survey) नभएकाले दरबन्दी सुनिश्चित गर्न नसकिएको,

ग) समायोजन संशोधनको अभ्यासले गर्दा समायोजनको प्रकृया नटुङ्गिएकाले आवश्यक दरवन्दी यकिन गर्न समस्या भएको,

घ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दीले स्थानीय तहमा कर्मचारीको आवश्यकता पूर्ति नहुने,

ङ) लोक सेवा आयोगबाट प्रतिशत निर्धारण हुँदा बढुवालाई छुट्याईएको पदमा बढुवा हुने विषय,

च) गत वर्ष लोक सेवा आयोगबाट कर्मचारी माग हुँदा माग फाराम भरी पठाउन ढिला भएकोले स्थायी दरवन्दी रिक्त रहेको,

छ) स्थानीय तहको कर्मचारी व्यवस्थापन प्रदेश कानुनद्वारा हुने विद्यमान अवस्थामा प्रदेश कानुन बनी नसकेको हुँदा व्यवस्थापनमा समस्या,

ज) स्थायी पदहरू रिक्त हुँदा वडा कार्यालयमा प्रशासनिक कार्य सम्पादन एवं सेवा प्रवाहमा कठिनाइ भएको,

झ) सुगम स्थानका स्थानीय तहमा स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी कार्यरत रहेको,

ञ) प्रायः जसो सबै समूह (कृषि, पशु, स्वास्थ्य, प्रशासन लगायत) का पदमा दरवन्दी रिक्त रहेको,

ट) रिक्त दरबन्दीमा प्रतिशत निर्धारणको विषय,

ठ) समायोजन भई आएका कर्मचारी घर पायक काज सरुवा भई जाँदा दरवन्दी रिक्त नरहने तर कर्मचारी नहुने अवस्थाले कार्य सम्पादनमा समस्या हुने गरेको ।

ड) आयोगले जति सक्दो चाँडो विभिन्न तह र पदका कर्मचारीहरू भर्ना गरी कामकाज गर्न सहज हुने वातावरण बनाओस् भन्ने अपेक्षा ।

## ३.३ आयोगको दरबन्दी र पदपूर्तिः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | दरबन्दी | पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम श्रेणी /अधिकृतस्तर ११/१२ तह | प्रशासन | १ | १ | - |
| २ | उपसचिव | रा.प.द्वितीय श्रेणी /अधिकृतस्तर ९/१० तह | प्रशासन | २ | १ | १ |
| ३ | उपसचिव | रा.प.द्वितीय श्रेणी /अधिकृतस्तर ९/१० तह | शिक्षा | १ | - | १ |
| ४ | उप-सचिव | रा.प.द्वितीय श्रेणी /अधिकृतस्तर ९/१० तह | कानुन | १ | - | १ |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह | प्रशासन | ४ | १ | ३ |
| ६ | शाखा अधिकृत | रा.प.तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह | शिक्षा | १ | - | १ |
| ७ | लेखा अधिकृत | रा.प.तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह | लेखा | १ | - | १ |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह | विविध | १ | - | १ |
| ९ | कानुन अधिकृत | रा.प.तृतीय श्रेणी /अधिकृतस्तर ७/८ तह | कानुन | १ | - | १ |
| १० | अधिकृत | अधिकृतस्तर ६ तह | प्रशासन | ६ | ३ | ३ |
| ११ | अधिकृत | अधिकृतस्तर ६ तह | विविध | ३ | २ | १ |
| १२ | सहायक | सहायकस्तर ५/४ तह | प्रशासन | १० | २ | ८ |
| १३ | सहायक | सहायकस्तर ५/४ तह | विविध | ३ | - | ३ |
| १४ | सहायक | सहायकस्तर ५/४ तह | लेखा | १ | - | १ |
| १५ | हलुका सवारी चालक | श्रेणीविहीन (सेवा करार) | | ६ | ५ | १ |
| १६ | कार्यालय सहयोगी | श्रेणीविहीन (सेवा करार) | | ७ | ५ | २ |
| | | जम्मा | | ४९ | २० | २९ |

## ३.४ वार्षिक कार्यतालिका

**प्रदेश लोक सेवा आयोग**

गण्डकी प्रदेश, पोखरा

आ.व. २०७८/७९ को पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका

| सि. नं. | तह | पदपूर्तिको किसिम | माग आकृति फाराम प्राप्त | विज्ञापन सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १ | विभिन्न सेवाका सहायकस्तर चौथो तहका अप्राविधिक/प्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | श्रावण | भाद्र अन्तिम बुधबार | कार्तिक/मंसिर | पुस/माघ | माघ/फागुन |
| २ | विभिन्न सेवाका सहायकस्तर पाँचौं तहका अप्राविधिक/प्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | भाद्र | असोज अन्तिम बुधबार | मंसिर/पुस | माघ/फागुन | चैत्र/बैशाख |
| ३ | स्वास्थ्य सेवाका अधिकृतस्तर सातौं तहका प्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | असोज | कार्तिक अन्तिम बुधबार | मंसिर/पुस | फागुन/चैत्र | बैशाख/जेठ |
| ४ | स्वास्थ्य सेवाका आठौं तहका पदहरू (चिकित्सक) | खुला प्रतियोगिताद्वारा | श्रावण | भाद्र अन्तिम बुधबार | कार्तिक | मंसिर | मंसिर/पुस |
| ५ | स्वास्थ्य सेवाका अधिकृतस्तर नवौं तहका प्राविधिक पदहरू | खुला प्रतियोगिताद्वारा | मंसिर | पुस अन्तिम बुधबार | फागुन/चैत्र | चैत्र/बैशाख | जेठ/असार |

**द्रष्टव्य**

१. वार्षिक कार्यतालिका लागू हुने मितिः २०७८ श्रावण १ गतेदेखि

२. आन्तरिक प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनबाट हुने पदपूर्ति कर्मचारी सेवा शर्त प्रचलित कानुनबमोजिम हुनेछ ।

३. कोभिड १९ महामारी एवं विशेष परिस्थितिका कारण स्थिति सामान्य हुन नसकेको अवस्थामा कार्यतालिकामा उल्लेखित समयावधि पुनरावलोकन गरिनेछ ।

४. प्रदेश सरकार तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्वन्धी कामकारवाही कार्यतालिका बमोजिम हुनेछैन ।

५. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ ।

## ३.५ वित्तीय गतिविधिः

### ३.५.१ आर्थिक वर्षः ०७७/०७८

बजेट अनुदान वा उपशीर्षक नम्बर : २१००००११३ चालु

| | | | पूरक बजेटबाट | | रकमान्तरबाट | | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च संकेत नं | खर्च शीर्षक | सुरू विनियोजित बजेट | थप | घट | थप | घट | अन्तिम बजेट | निकासा | खर्च | बजेट |
| २११११ | पारिश्रमिक कर्मचारी | ६,४१५,०००.०० | | | ० | ० | ६,४१५,००० | २,६८२,९८८.२० | २,६८२,९८८.२० | ३,७३२,०११.८० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ४८,८६२,०००.०० | | | ० | ० | ४८,८६२,००० | ४५१,७६४.५० | ४५१,७६४.५० | ४८,४१०,२३५.५० |
| २११२१ | पोशाक | १६०,०००.०० | | | ० | ० | १६०,००० | १००,०००.०० | १००,०००.०० | ६०,०००.०० |
| २११३२ | महंगी भत्ता | ३८४,०००.०० | | | ० | ० | ३८४,००० | ११२००० | ११२,०००.०० | २७२,०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | | | ५००,००० | ० | ७००,००० | ७००,०००.०० | ७००,०००.०० | ०.०० |
| २११३९ | अन्य भत्ता | | | | | ० | ० | ०.०० | ०.०० | ०.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ९००,०००.०० | | | ० | ० | ९००,००० | ८६४,०००.०० | ८६४,०००.०० | ३६,०००.०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ४५६,०००.०० | | | ० | ० | ४५६,००० | ११०,१०१.०० | ११०,१०१.०० | ३४५,८९९.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ७७,०००.०० | | | ० | ० | ७७,००० | २२,४००.०० | २२,४००.०० | ५४,६००.०० |
| २२१११ | पानी तथा बिजुली | ५००,०००.०० | | | ० | ० | ५००,००० | १२६२९९ | १२६,२९९.०० | ३७३,७०१.०० |
| २२११२ | संचार महसुल | ६००,०००.०० | | | ० | ० | ६००,००० | ५२९,४३३.०० | ५२९,४३३.०० | ७०,५६७.०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२११ | इन्धन (पदाधिकारी) | ९१४,०००.०० | | | ० | ० | ९१४,००० | ६४,७४५.०० | ६४,७४५.०० | ८४९,२५५.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००,०००.०० | | | ० | ० | ७००,००० | २८५,१२८.०० | २८५,१२८.०० | ४१४,८७२.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २००,०००.०० | | | ० | ० | २००,००० | ५९,८८१.०० | ५९,८८१.०० | १४०,११९.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ४००,०००.०० | | | ० | ० | ४००,००० | २९१,२९२.०० | २९१,२९२.०० | १०८,७०८.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २००,०००.०० | | | ० | ० | २००,००० | ०.०० | ०.०० | २००,००० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५००,०००.०० | | | ५००,००० | ० | १,०००,००० | ८५१,४३३.०० | ८५१,४३३.०० | १४८,५६७.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ५०,०००.०० | | | ० | ० | ५०,००० | १६,७३८.०० | १६,७३८.०० | ३३,२६२.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५००,०००.०० | | | ० | ० | ५००,००० | ४८२,९९४.०० | ४८२,९९४.०० | १७,००६.०० |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ५०,०००.०० | | | ० | ० | ५०,००० | १९,११५.०० | १९,११५.०० | ३०,८८५.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ६००,०००.०० | | | ० | ३००,००० | ३००,००० | ०.०० | ०.०० | ३००,०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००,०००.०० | | | ० | ४००,००० | १००,००० | ७९,१००.०० | ७९,१००.०० | २०,९००.०० |
| २२४१३ | करार सेवा शुल्क | १,९२०,०००.०० | | | ० | ० | १,९२०,००० | १,०१२,७४३.०० | १,०१२,७४३.०० | ९०७,२५७.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | ५००,०००.०० | | | ० | २००,००० | ३००,००० | २०,०००.०० | २०,०००.०० | २८०,०००.०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २२५२२ | कार्यक्रम खर्च | २,०००,०००.०० | | | ० | १,५००,००० | ५००,००० | ०.०० | ०.०० | ५००,०००.०० |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | १,१३१,०००.०० | | | ० | १,०००,००० | १३१,००० | ०.०० | ०.०० | १३१,०००.०० |
| २२६१२ | भ्रमण खर्च | १,३९७,०००.०० | | | ० | ६००,००० | ७९७,००० | ४१५,४८८.०० | ४१५,४८८.०० | ३८१,५१२.०० |
| २२७११ | विविध खर्च | ४,९६७,०००.०० | | | ० | २,३००,००० | २,६६७,००० | २,१३९,७९१.०० | २,१३९,७९१.०० | ५२७,२०९.०० |
| २८१४२ | घर भाडा | ३,२२०,०००.०० | | | ० | ० | ३,२२०,००० | १,५७५,४५२.०० | १,५७५,४५२.०० | १,६४४,५४८.०० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | | | | | | ० | ० | ०.०० | ०.०० |
| २८१४९ | अन्य भाडा | २००,०००.०० | | | ० | २,००,००० | ० | ०.०० | ०.०० | ०.०० |
| | जम्मा | ७८,५०३,०००.०० | | | १,०००,००० | ६,५००,००० | ७३,००३,००० | १३,०१२,८८५.७० | १३,०१२,८८५.७० | ५९,९९०,११४.३० |
| **बजेट अनुदान वा उप शीर्षक नम्बर : २१००००११४ पुँजिगत** | | | | | | | | | | |
| | | | | | | | | | | |
| ३११२१ | सवारी साधन | ५,०००,०००.०० | | | ५००,००० | ० | ५,५००,००० | ५,५००,०००.०० | ५,५००,०००.०० | ०.०० |
| ३११२२ | मेशिनरी तथा औजार | २,०००,०००.०० | | | २,०००,००० | ० | ४,०००,००० | ३,१५०,१५०.०० | ३,१५०,१५०.०० | ८४९,८५०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३,०००,०००.०० | | | २,५००,००० | ० | ५,५००,००० | ५,४९५,१३५.०० | ५,४९५,१३५.०० | ४,८६५.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ०.०० | | | १,५००,००० | ० | १,५००,००० | १४९२७३० | १,४९२,७३०.०० | ७,२७०.०० |
| ३१५११ | भैपरी आउने पूँजीगत | १,०००,०००.०० | | | ० | १,०००,००० | ० | ० | ०.०० | ०.०० |
| | जम्मा | ११,०००,०००.०० | | | ६,५००,००० | १,०००,००० | १६,५००,००० | १५,६३८,०१५.०० | १५,६३८,०१५.०० | ८६१९८५.०० |
| | कुल जम्मा | ८९,५०३,०००.०० | ०.०० | ०.०० | ७,५००,००० | ७,५००,००० | ८९,५०३,००० | २८,६५०,९००.७० | २८,६५०,९००.७० | ६०,८५२,०९९.३० |

## ३.६ भौतिक एवं अन्य विवरणः

### ३.६.१ भौतिक पूर्वाधारः

आयोगको कार्यालय सञ्चालन पोखरा महानगरपालिका वडा नं. १७, मुस्ताङचोक स्थित नेपाल नागरिक उड्डयन प्राधिकरणको भवनबाट गरिएको छ । कार्यालयका लागि आवश्यक फर्निचर फिक्चर्स, मेसिनरी औजार तथा सवारी साधन लगायतका भौतिक पूर्वाधारहरू यथाशक्य तयार गरी व्यवस्थापन गरिएको छ ।

### ३.६.२ वेवसाइटको निर्माणः

सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने उद्देश्यले यस आयोगले विभिन्न सूचना, प्रेस विज्ञप्ती, पदपूर्तिसम्बन्धी जानकारी, आयोगसम्बन्धी ऐन, नियमावली र निर्देशिकाहरू सम्वन्धित सबै पक्षलाई छिटो, छरितो, पारदर्शी र निष्पक्ष स्रुपमा जानकारी दिने उद्देश्यले आफ्नो एक वेवसाइट निर्माण गरी अद्यावधिक गर्ने गरिएको छ । साथै परीक्षार्थीहरूका लागि परीक्षासम्बन्धी सूचना, पाठ्यक्रम, ऐन, नियमावली, निर्देशिका लगायत विभिन्न विषयहरूसमेत राखिएका छन् भने परीक्षाको समयमा परीक्षाको समय तालिका, परीक्षा केन्द्र, उम्मेदवारको स्वीकृत नामावली, परीक्षाको नतिजा, अन्तर्वार्ता तथा सिफारिस गर्ने सम्मको सवै सूचनाहरू यसै वेवसाइट http://ppsc.gandaki.gov.np मार्फत सम्बन्धित सबैलाई सहजीकरणको व्यवस्था मिलाइएको छ ।

### ३.६.३. अनलाइन प्रणालीको निर्माणः

नेपालको संविधानको धारा २४४ मा भएको प्रदेश लोक सेवा आयोगसम्बन्धी व्यवस्थाबमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, स्थानीय सरकारी सेवा र स्थानीय संगठित संस्थाको रिक्त पदहरूमा पदपूर्तिसम्बन्धी कार्यलाई प्रविधिको उच्चतम प्रयोग गरी छिटो छरितो, सरल, मितव्ययी र प्रभावकारी तरिकाले सम्पादन गर्न अनलाइन प्रणाली http://onlineppsc.gandaki.gov.np को निर्माण गरिएको छ । यस प्रणालीबाट उम्मेदवारले आफ्नो विवरण दर्ता गरी आफ्नो प्रोफाइलमा व्यक्तिगत विवरणहरू, अतिरिक्त विवरणहरू, सम्पर्क, शिक्षा, तालिम, व्यवसायिक परिषद् दर्ता, अनुभव, अन्य कागजातहरू राख्न सक्ने, विज्ञापन भएको सूचना र विज्ञापन भएको पदमा दरखास्त दिने, दरखास्त दिएको पदका लागि तोकिएको राजश्व अनलाइन प्रणालीबाटै भुक्तानी गर्न सक्ने, तोकिएको विवरण र आवश्यक कागजातहरू पूरा भई योग्य उम्मेदवारको दरखास्त स्वीकृत भईसकेपछि अनलाइन प्रणालीबाट E–admit Card प्राप्त गर्ने, परीक्षा केन्द्रसम्बन्धी जानकारी लिन सक्ने व्यवस्था मिलाइएको छ भने कार्यालय प्रयोजनार्थ रिक्त पदको विवरण सहित माग आकृति फाराम अनलाइन प्रणालीबाट प्राप्त गर्न सक्ने, माग भएका पदहरूको प्रतिशत निर्धारण गर्ने, विज्ञापन प्रकाशन गर्ने, उम्मेदवारले दरखास्त दिएको विज्ञापनलाई आवश्यक योग्यता र विवरणहरूको छानविन तथा चेकजाँच गरी दरखास्त स्वीकृत गर्ने, स्वीकृत नामावली प्राप्त गर्ने, कार्यालयलाई आवश्यक पर्ने दरखास्त र परीक्षासम्बन्धी विभिन्न विवरण तयार गर्न सक्ने सरल र सहज व्यवस्था मिलाइएको छ ।

## परिच्छेद-४
# पाठ्यक्रम निर्माण

४.१ आयोगद्वारा गठित पाठ्यक्रम निर्माण समितिले सम्वन्धित विषयका विशेषज्ञहरूको सहभागितामा तयार गरी पेश गरेका निम्न सेवा, समूह, उप-समूहका पदहरूको पाठ्यक्रम आयोगले परिमार्जनसहित स्वीकृत गरेको छ ।

| क्र.सं. | सेवा | समूह | उप-समूह | पद | तह | कै. |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा | शिक्षा प्रशासन | - | प्राविधिक सहायक | पाँचौं | |
| २ | इन्जिनियरिङ्ग | सिभिल | जनरल, हाइवे, स्यानिटरी, र इरिगेसन | सव-इन्जिनियर | पाँचौं | |
| ३ | इन्जिनियरिङ्ग | सिभिल | - | असिष्टेण्ट सव-इन्जिनियर | चौथो | |
| ४ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | - | ल्याव असिष्टेन्ट | चौथो | |
| ५ | स्वास्थ्य | आयुर्वेद | - | वैद्य | चौथो | |
| ६ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | - | अ.हे.ब. | चौथो | |
| ७ | स्वास्थ्य | पब्लिक हेल्थ नर्सिङ्ग | - | अ.न.मि. | चौथो | |
| ८ | स्वास्थ्य | मेडिकल ल्याव टेक्नोलोजी | - | - | पाचौं | |
| ९ | स्वास्थ्य | आयुर्वेद | - | कविराज | पाँचौं | |
| १० | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | - | हेल्थ असिष्टेण्ट | पाँचौं | |
| ११ | स्वास्थ्य | जनरल नर्सिङ्ग | - | स्टाफ नर्स | पाँचौं | |
| १२ | स्वास्थ्य | आयुर्वेद | - | - | आठौं | |
| १३ | स्वास्थ्य | जनरल हेल्थ सर्भिसेज | - | - | आठौं | |
| १४ | स्वास्थ्य | डेण्टिष्ट्री | - | - | आठौं | |
| १५ | वन | जनरल फरेष्ट्रि /नेसनल पार्कस् एण्ड वाइल्ड | - | वन रक्षक/ गेम स्काउट | श्रेणीविहीन | |
| १६ | वन | जनरल फरेष्ट्रि | - | - | चौंथो | |
| १७ | वन | जनरल फरेष्ट्री/स्वायल एण्ड वाटर कन्जरभेसन/ फरेष्ट रिसर्च | - | - | पाँचौं | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | कृषि | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर एगृ, एक्सटेन्सन, स्वायल साइन्स र एगृ इको एण्ड मार्केटिङ्ग | - | नायव प्राविधिक सहायक | चौथो | |
| १९ | कृषि | फिसरिज, भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | - | नायव प्राविधिक सहायक | रा.प.अ. द्वितीय | |

# परिच्छेद- ५
# ध्यानाकर्षण र सुझाव

आयोगले कार्यसम्पादनका क्रममा अनुभुत गरेका निम्न विषयहरूमा ध्यानाकर्षण र सुझाव प्रस्तुत गरिएको छ ।

**५.१ ध्यानाकर्षणः**

क) नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोगको व्यवस्था रहेको, सोही धाराको उपधारा (२) ले आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने व्यवस्था गरेको र यस प्रयोजनका लागि संघीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्दछ भन्ने व्यवस्था सोही धाराको उपधारा (३) ले सुनिश्चित गरेको छ । लोक सेवा आयोग लगायत संविधानमा व्यवस्था भएका सबै संवैधानिक अङ्गहरूले आफ्नो कार्य स्वतन्त्र, निष्पक्ष र विश्वशनीयतापूर्वक सम्पन्न गर्न सकून् भन्ने उद्देश्यका साथ तत्-तत् संवैधानिक निकायसँग सम्वन्धित ऐनहरूमा ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउने अधिकार सम्बन्धित संवैधानिक अङ्गलाई हुने व्यवस्था पाइन्छ । लोक सेवा आयोग ऐन, २०६६ को दफा ५३ मा ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ भन्ने व्यवस्था छ । साथै सोही ऐनको दफा ५५ मा ऐन कार्यान्वयनमा कुनै बाधा, अड्काउ परेमा सो ऐनको भावनामा प्रतिकूल नहुने गरी आयोगले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ भन्ने उल्लेख छ । अन्य प्रदेशहरूको प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार तथा कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेका ऐनहरूमा समेत लोक सेवा आयोग ऐनमा भए जस्तै सम्वन्धित प्रदेश लोक सेवा आयोगलाई ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउने र ऐन कार्यान्वयन गर्न बाधा अड्काउ परेमा ऐनको भावना प्रतिकूल नहुने गरी आवश्यक आदेश जारी गर्न सक्ने अधिकार प्रदान गरी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको स्वतन्त्रता, स्वायत्तता, निष्पक्षता र विश्वशनीयता सुनिश्चितता गरेको पाइन्छ । हाम्रो प्रदेशको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ ले नियम बनाउने अधिकार र दफा ५९ ले बाधा अड्काउ फुकाउने अधिकार प्रदेश सरकारमा रहने प्रावधान गरेको पाइन्छ । यो प्रावधान संविधानको भावना एवं संवैधानिक अङ्गहरूले अङ्गिकार गरी आएको मूल्य, मान्यता र अभ्यास प्रतिकूल छ । यसले प्रदेश लोक सेवा आयोगको स्वतन्त्रता, स्वायत्तता, निष्पक्षता, विश्वशनीयता र गरिमा कायम राख्न सहयोग पुऱ्याउँदैन ।

ख) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौट प्रक्रियामा जान प्रदेश सरकार र स्थानीय तहमा सरकारी सेवा गठन एवं सञ्चालनका लागि आवश्यक ऐन, नियम जारी नभएकाले पदपूर्ति प्रक्रिया सहज रूपमा अगाडि बढाउन कठिनाइ रहेको ।

ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय संगठित संस्थाको सेवाका पदको कर्मचारीको सेवा शर्तसम्वन्धी कानुन निर्माण गर्ने

विषयमा र ती सेवाका पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था संविधान एवं प्रदेश लोक सेवा आयोग ऐन २०७६ मा भएको पाइन्छ ।यसरी प्रदेश सरकार एवं स्थानीय तहले कानुन निर्माण गर्दा वा नियुक्ति, बढुवा वा विभागीय कारवाही गर्दा योग्यता, निष्पक्षता, स्वच्छता, समानता र समावेशीता जस्ता मूल्य, मान्यता र सिद्धान्त पालना गरे नगरेको, कानुन र प्राकृतिक न्यायका सिद्धान्तको उचित तरिकाले प्रयोग गरे नगरेको कुरा सुनिश्चित गर्ने, अनुगमन, सुपरीवेक्षण गर्ने, निर्देशन दिने महत्वपूर्ण दायित्व संविधान र कानुनले आयोगलाई सुम्पेको छ । हाल कतिपय स्थानीय तहहरूले ऐन, कानुन निर्माण गरी स्थानीय तहमा समायोजन भई कार्यरत कर्मचारीहरूलाई बढुवा गरेको कुरा जानकारीमा आएको छ । यस प्रकृतिका कानुन निर्माण गर्दा आयोगको परामर्श लिनुपर्ने विषयमा परामर्श नै नलिएकोमा आयोगको ध्यानाकर्षण भएको छ ।

घ) लोक सेवा आयोगको आफ्नै जग्गा एवं भवन नभएकाले कार्यालय सञ्चालन लगायतका विभिन्न क्रियाकलापहरू गर्न व्यवहारिक कठिनाइ परेको ।

**५.२ सुझावः**

क) प्रदेश लोक सेवा आयोग ऐन २०७६ कार्यान्वयन गर्न आवश्यक नियमावली वनाउने अधिकार र सो ऐन कार्यान्वयन गर्न बाधा अड्काउ परेमा ऐनको भावनामा प्रतिकूल असर नपर्ने गरी आवश्यक बाधा अड्काउ फुकाउने अधिकारसमेत आयोगलाई हुने गरी यथाशीघ्र ऐन संशोधन परिमार्जन हुनुपर्ने ।

ख) प्रदेश निजामती सेवा, प्रदेश सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय संगठित संस्थाको सेवा गठन र सञ्चालन गर्ने ऐन लगायत सम्बन्धित अन्य ऐन, नियमहरू यथाशिघ्र जारी हुनुपर्ने ।

ग) स्थानीय तहहरूले स्थानीय सरकारी सेवा एवं संगठित संस्थाको सेवा सञ्चालनसम्बन्धी कुनैपनि कानुन निर्माण गर्दा र ती पदमा कुनै नियुक्ति, बढुवा वा विभागीय कारबाही गर्नुपूर्व अनिवार्य रूपमा तोकिएबमोजिम आयोगको परामर्श लिनुपर्ने ।

घ) लोक सेवा आयोगको आफ्नै सरकारी भवन निर्माणका लागि गण्डकी प्रदेश सरकारले पहल गरिदिनुपर्ने ।

# अनुसूची

## १. कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम थर | पद | सेवा | तह/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री टेक बहादुर के.सी. | सचिव | प्रशासन | रा.प.प्रथम | ९८५६०७८०१४ |
| २ | श्री कृष्णप्रसाद आचार्य | उपसचिव | प्रशासन | नवौं | ९८५६०७८०१५ |
| ३ | श्री सन्दीप ढुंगाना | शाखा अधिकृत | प्रशासन | सातौं | ९८५६०७८०१६ |
| ४ | श्री यम बहादुर राना | अधिकृतस्तर | प्रशासन | छैटौं | ९८४६१४९२८४ |
| ५ | श्री राजेश पौडेल | अधिकृतस्तर | प्रशासन | छैटौं | ९८४६०८३७२१ |
| ६ | श्री रमाकान्त ढकाल | अधिकृतस्तर | प्रशासन | छैटौं | ९८५६०३८७७६ |
| ७ | श्री सोविता सुवेदी | कम्प्युटर अधिकृत | प्रशासन | छैटौं | ९८४५०८०२३० |
| ८ | श्री लक्ष्मी प्रसाद पोखेल | कम्प्युटर अधिकृत | प्रशासन | छैटौं | ९८५६०४९१५० |
| ९ | श्री बिष्णु पोखेल (पौडेल) | सहायकस्तर | प्रशासन | पाचौं | ९८४६०३६८८८ |
| १० | श्री गायत्री अधिकारी (लामिछाने) | सहायकस्तर | प्रशासन | पाचौं | ९८४६१४५९१२ |
| ११ | श्री गम बहादुर गुरूङ्ग | ह.स.चा. | प्रशासन | श्रेणीविहिन | ९८०५८९८२१३ |
| १२ | श्री चित्र बहादुर गुरूङ्ग | ह.स.चा. | प्रशासन | श्रेणीविहिन | ९८२४१८५०५० |
| १३ | श्री जगद बहादुर गुरूङ्ग | ह.स.चा. | प्रशासन | श्रेणीविहिन | ९८०६६२५६७२ |
| १४ | श्री आदित्य दुरा | ह.स.चा. | प्रशासन | श्रेणीविहिन | ९८४१३२९५४२ |
| १५ | श्री गणेश बहादुर क्षत्री | ह.स.चा. | प्रशासन | श्रेणीविहिन | ९८४७७१७६९९ |
| १६ | श्री प्रेम बहादुर दुरा | का.स. | प्रशासन | श्रेणीविहिन | ९८१३४७१००८ |
| १७ | श्री सृष्टि नेहा राई | का.स. | प्रशासन | श्रेणीविहिन | ९८०६६२२२३५ |
| १८ | श्री सृष्टि गुरूङ्ग | का.स. | प्रशासन | श्रेणीविहिन | ९८०४१४७७३२ |
| १९ | श्री चित्र बहादुर गुरूङ्ग | का.स. | प्रशासन | श्रेणीविहिन | ९८२५१२५२६८ |
| २० | श्री सोफिया श्रेष्ठ | का.स. | प्रशासन | श्रेणीविहन | ९८६०१५३५३१ |

# आयोगका गतिविधिहरू

## २. आयोगका विभिन्न गतिविधिहरूको झलक:



प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको सपथग्रहण समारोह




माननीय मुख्य न्यायाधीशबाट पद तथा गोपनियताको सपथ ग्रहण गर्नुहुँदै आयोगका अध्यक्ष




अध्यक्षबाट पद तथा गोपनीयताको सपथ ग्रहण गर्नुहुँदै आयोगका सदस्य




सपथ ग्रहण समारोहमा उपस्थित विशिष्ठ व्यक्तित्वहरू



पदबहाली गर्नुहुँदै आयोगका अध्यक्ष



पदबहाली गर्नुहुँदै आयोगका सदस्य



पदाधिकारीहरूको पदबहाली पश्चातको बैठकमा उपस्थित महानुभावहरू



पदाधिकारीहरूको पदबहाली पश्चातको बैठकमा उपस्थित पत्रकारहरूसँगको छलफल



लोक सेवा आयोगद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा उपस्थित महानुभावहरू



प्रदेश लोक सेवा आयोग नियमावलीमा छलफल कार्यक्रममा उपस्थित महानुभावहरू



प्रदेश लोक सेवा आयोगबाट हुने पदपूर्ति सम्बन्धमा प्रदेश सचिवहरूसँगको छलफल



स्थानीय तहको पदपूर्ति सम्बन्धमा नगरपालिकाका प्रमुख तथा कर्मचारीहरूसँगको भर्चुअल बैठकमा उपस्थित महानुभावहरू



प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशका पदाधिकारी तथा कर्मचारीहरूसँगको छलफल



स्थानीय तहको पदपूर्ति सम्बन्धमा गाउँपालिकाका अध्यक्ष तथा कर्मचारीहरूसँगको भर्चुअल बैठकमा उपस्थित महानुभावहरू



आयोगले निर्माण गरेको अनलाइन दरखास्त प्रणालीको विषयमा भएको छलफल

# गण्डकी प्रदेश




Tel: 061-467873
Email : gandakipsc2076@gmail.com
Website: http://ppsc.gandaki.gov.np